नेपाल अमेरिका पत्रकार संघ (नेजा) को क्यालिफोर्निया राज्यको सानफ्रान्सिस्को सहरमा जुलाई २३, २०२२ मा सम्पन्न १५औं साधारण सभामा देहायबमोजिमका प्रस्तावउपर छलफल भई देहायबमोजिमको निर्णय गरियो । संघका अध्यक्ष विकासराज न्यौपानेको अध्यक्षतामा बन्द-सत्र भएको थियो ।

उपस्थिति :

१. गिरीश पोखरेल
२. रवि अधिकारी
३. सम्झना पोखरेल
४. रोशन अधिकारी
५. ईश्वरी न्यौपाने
६. अनिल पाण्डे
७. ध्रुव कुँवर
८. सन्दीपबाबु चौधरी
९. विकासराज न्यौपाने
१०. मच्छेदेवी गुरुङ
११. सुरज भण्डारी
१२. प्रभात भट्टराई
१३. शिव नेपाल
१४. सुजन पण्डित
१५. गोकुल श्रेष्ठ
१६. बाबुराम दाहाल
१७. लोकमणि राई
१८. प्रतिमा बाँस्कोटा
१९. अग्नि चौलागाईं
२०. सरोज काफ्ले
२१. रामचन्द्र भट्ट
२२. सोफिन थापा
२३. सर्वज्ञ वाग्ले
२४. सुदर्शन नेपाल
२५. बलराम थापा
२६. उपेन्द्र सापकोटा
२७. कृष्ण सञ्जेल केसी
२८. दीक्षा बस्नेत
२९. विराज भन्डारी

३०. शैलेश आचार्य
३१. हेमराज बराल

प्रस्तावहरुः

१) महासचिवको प्रतिवेदन सम्बन्धमा ।

२) कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।

३) नेजाको विधान-२०२२ सम्बन्धमा ।

४) नेजासम्बद्ध पत्रकार आचारसंहिता-२०२२ सम्बन्धमा ।

५) नेजा पुरस्कार तथा सम्मानसम्बन्धी कार्यविधि-२०२२ सम्बन्धमा ।

६) नेजा र नेपाल पत्रकार महासंघबीच गरिने समझदारी पत्रको मस्यौदा अनुमोदन सम्बन्धमा ।

७) मानार्थ सदस्य तारा बराल नेतृत्वको समितिले बुझाएको प्रतिवेदन सार्वजनिक सम्बन्धमा ।

८) पुरस्कारका लागि कोष निर्माण गर्ने सम्बन्धमा ।

निर्णयहरुः

१) प्रस्ताव नम्बर १ उपर छलफल गरी संघका महासचिव सुरज भण्डारीले प्रस्तुत गर्नुभएको महासचिवको प्रतिवेदन केही संशोधनसहित पारित गरियो ।

२) प्रस्ताव नम्बर २ उपर छलफल गरी कोषाध्यक्ष प्रभात भट्टराईले पेस गर्नुभएको कोषाध्यक्षको प्रतिवेदन केही संशोधनसहित पारित गरियो ।

३) प्रस्ताव नम्बर ३ उपर छलफल गरी नेजाको विधान-२०२२ मा सदस्यहरू अग्नि चौलागाईं र इश्वरी न्यौपानेले प्रस्तावित विधानको धारा ३ को उपधारा ३.१.७, ३.१.८ र धारा ८ अन्तरगतको उपधारा ८.२ र ८.४ तथा धारा १० को उपधारा १०.३ मा संशोधन गर्नुपर्ने प्रस्ताव गरेकाले सोहीबमोजिम संशोधनसहित पारित गरियो ।

४) प्रस्ताव नम्बर ४ उपर छलफल गरी नेजासम्बद्ध पत्रकार आचारसंहिता-२०२२ पारित गरियो ।

५) प्रस्ताव नम्बर ५ उपर छलफल गरी नेजा पुरस्कार तथा सम्मानसम्बन्धी कार्यविधि-२०२२ लाई संशोधनसहित पारित गरियो ।

६) प्रस्ताव नम्बर ६ उपर छलफल गरी नेजा र पत्रकार महासंघबीच सहकार्यसम्बन्धी पूर्वसम्झौतालाई परिमार्जन गरी नेजा र नेपाल पत्रकार महासंघबीच गरिने समझदारी पत्रको मस्यौदालाई अनुमोदन गरियो । साथै, सम्झौता र कार्यान्वयनका लागि कार्यसमितिलाई जिम्मेवारी दिइयो ।

७) प्रस्ताव नम्बर ७ उपर छलफलगरी संघको १४औं साधारण सभाबाट मानार्थ सदस्य तारा बरालको संयोजकत्वमा आजीवन सदस्यद्वय मधुकर अधिकारी र लेखनाथ भण्डारी सदस्य रहनुभएको समितिले कार्यसमितिलाई बुझाएको प्रतिवेदन साधारण सभामा प्रस्तुत गरियो ।

८) प्रस्ताव नम्बर ८ उपर छलफल गरी बन्दसत्रको क्रममा सदस्य सोफिन थापाले राख्नुभएको नेजाले नेपालमा वितरण गर्दै आएको पुरस्कारका लागि तथा आगामी दिनमा समेत सुरुवात गर्न सकिने पुरस्कारहरूलाई लक्षित गर्दै नेपालमा अक्षयकोष बनाउनु उपयुक्त हुन्छ भन्ने प्रस्तावलाई छलफलमा लगी नेपालमा वितरण हुँदै आएको नेजा ग्रामीण सामुदायिक पत्रकारिता पुरस्कारलगायतका निम्ति नेपाल पत्रकार महासंघसँगको समन्वयमा नेपालमा तत्काल २० हजार डलरबराबरको अक्षयकोष निर्माण गर्ने निर्णय गरियो । अक्षयकोषका लागि आवश्यक रकम संघको चालू कोषबाटसमेत उपलब्ध गराउन सक्ने गरी कोष निर्माण गर्ने निर्णय गरियो । अक्षयकोषबाट प्राप्त हुन आउने ब्याज रकममार्फत पुरस्कार राशिको प्रबन्ध गर्ने र भविष्यमा नेजा ग्रामीण पत्रकारिता पुरस्कारका लागि आवश्यक हुन आउने रकमभन्दा कम ब्याज प्राप्त हुन आएमा कार्यसमितिले पुरस्कारका लागि आवश्यक रकमको प्रबन्ध गर्न सक्नेछ । साथै, बढी ब्याज संकलन भए सो रकम अक्षयकोषमा नै जम्मा गरिनेछ । साधारण सभाले सो प्रक्रियालाई आवश्यक निर्णय गरेर कार्यान्वयन गर्न कार्यसमितिलाई अधिकार दिएको छ ।

भवदीय,

सुरज भण्डारी
महासचिव
नेपाल अमेरिका पत्रकार संघ (नेजा)